# सङ्गीत रोयल्टी सङ्कलन समाज नेपालको
# नवौं वार्षिक साधारण सभामा
# महासचिवद्वारा प्रस्तुत प्रतिवेदन

**सम्मानित सभाका अध्यक्षज्यू, पूर्ण सदस्य तथा एशोसिएट सदस्यज्यूहरु,** यस समाजको नवौं वार्षिक साधारण सभामा महासचिवको हैसियतले वार्षिक रुपमा भएका कार्यहरुको प्रतिवेदन पेश गर्न पाउँदा हर्षित छु ।

**पृष्ठभूमि**

आदरणीय यस समाजका सदस्यज्यूहरु, म यतिबेला २०७१/०३/१४ को साधारण सभालाई याद गरिरहेछु जुन साधारण सभाबाट चुनिएर हामीले सङ्गीत रोयल्टी सङ्कलन समाज नेपालको कार्यसमितिमा सम्मिलित हुने अवसर पाएका थियौं । त्यतिबेला हामीले आफ्नो उम्मेद्वारी दिँदा यहाँहरु समक्ष राखेको तत्कालीन भावी रणनीतिको बारेमा चर्चा गर्नु मनासिव हो भने यहाँहरुलाई हामीले त्यो बेला उठाएको एउटा नारा स्मरण गराउन चाहन्छु । "रोयल्टी संकलनमा राज्यको प्रत्यक्ष हस्तक्षेपकारी भुमिका ।"

मैले उठाउन खोजेको विषय मिति २०७१/०३/१४ गते सुरेश चन्द्र अधिकारीको नेतृत्वमा निर्वाचित कार्यसमितिको नीति बमोजिम गीत-संगीत सार्वजनिक रुपमा प्रयोग भएवापत सम्बन्धित प्रयोगकर्ताहरु सँग संगीत रोयल्टी संकलन गर्न केही कानूनी र प्राविधिक कारणले सङ्गीत रोयल्टी सङ्कलन समाज नेपालको प्रयासले मात्र सहज नहुने अवस्था रहेको हुँदा गीत-संगीत सार्वजनिक रुपमा प्रयोग भएवापत रोयल्टी संकलन गर्न राज्यले प्रत्यक्ष हस्तक्षेपकारी भूमिका निर्वाह गर्नुपर्छ भन्ने मान्यताका साथ रोयल्टी संकलन र वितरण कार्यलाई सहज वातावरणको सृजना गर्न आवश्यक पहल गरिरहेको थियो र गरिरहेको छ । त्यसै अन्तरगत संगीतकार संघ नेपालका महासचिव एवं प्रतिलिपि अधिकार अनुगमन कार्यान्वयन समितिका संयोजक श्री महेश कुमार खड्काको विशेष सक्रियता एवं संगीतकार संघ नेपाल, गीतकार संघ नेपाल, प्रस्तोता समाज नेपाल, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान लगायतका संघ संस्थाहरुको सहकार्यमा व्यवस्थापिका संसद विकास समितिका सभापति माननीय रविन्द्र अधिकारीज्यू सँग रोयल्टी संकलन सम्बन्धी छलफल गरीयो । उहाँले व्यवस्थापिका संसद विकास समितिको मिति २०७१/०८/०३ गतेको दिन बैठक आह्वान गर्नुभयो । सो बैठकले नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय लगायत सम्बन्धित सरोकारवाला निकायहरुलाई ६ बुँदे निर्देशन जारी गर्‍यो । जारी निर्देशन बमोजिम नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालयले तत्कालिन संचार सह-सचिव श्री पुरुषोत्तम तिवारीको संयोजकत्वमा रोयल्टी व्यवस्थापन पाँच सदस्यीय कार्यदलको निर्माण गर्‍यो जसमा यस समाजका अध्यक्षलाई समेत समावेश गरियो । गठित कार्यदलले रोयल्टी वितरण सम्बन्धि मापदण्ड २०७२ सम्बन्धि प्रतिवेदन तयार गरी सम्बन्धित निकायहरुमा बुझायो । तर २०७२ साल वैशाख १२ गतेको आम विनाशकारी महाभूकम्प र अन्य केहि प्राविधिक कठिनाइको कारण अपेक्षित रुपमा अभियानले गति लिन नसक्दा व्यवस्थापिका संसद विकास समितिका सभापति माननिय रविन्द्र अधिकारी ज्यूले यस सम्बन्धमा पून: संसदीय विकास समितिको अर्को बैठक मिति २०७२ चैत २ गते आह्वान गर्नुभयो । सो दोस्रो बैठकले सम्बन्धित सरोकारवाला निकाय र नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको नाममा समेत अझ सशक्त निर्देशन जारी गर्‍यो । सो निर्देशन पछि राज्यका प्रत्येक सरोकारवाला निकायहरुमा आशा लाग्दो तरङ्ग पैदा भएको छ । राज्य आफै वा राज्य नियामक भै राज्यद्वारा नियन्त्रित संचार माध्यम, यातायात, होटल, रेष्टुरेण्ट, हल, महोत्सव आदि जस्ता संगीतका सार्वजनिक प्रयोगकर्तालाई रोयल्टीको अनिवार्य दायरामा ल्याउनु पर्ने हाम्रो मागलाई कार्यान्वयन गराउन नेपाल सरकारका मूख्य सचिव श्रीमान् डा.सोमलाल सुवेदीज्यू स्वयंको संयोजकत्वमा बसेको बैठकले यस विषयमा महत्वपूर्ण निर्णय गर्दै राज्यको सक्रिय भूमिका र त्यसको कार्ययोजना तयार गर्न प्रधानमन्त्री कार्यालयका सह-सचिव श्रीमान् रामेश्वर दंगालज्यूको संयोजकत्वमा सूचना तथा संचार मन्त्रालयका उप-सचिव श्रीमान् यदु प्रसाद पन्थीज्यू नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयका रजिष्ट्रार श्री राजेन्द्र सिग्देलज्यू र यस समाजका अध्यक्ष श्री सुरेश चन्द्र अधिकारी ज्यू समेत आमन्त्रित रहेको एक कार्यदल गठन गरेको र सो कार्यदलले समेत कार्ययोजना तयार गरी मूख्य सचिव ज्यूमा पेश गरे बमोजिम संगीत रोयल्टीलाई सबै निकायमा अनिवार्य लागू गर्ने सम्बन्धमा विभिन्न

Scanned with CamScanner

सरोकारवाला मंत्रालय विभाग तथा निकायमा कार्यान्वयनको लागि निर्देशन तथा पत्राचारलाई तिव्रता दिइरहेको व्यहोरा समेत जानकारी गराउँदछु । यस कार्यमा श्रीमान् मुख्य सचिवज्यू, श्रीमान् गृह सचिवज्यू, श्रीमान् सूचना तथा सञ्चार सचिवज्यू, श्रीमान् संस्कृति, पर्यटन तथा नागरिक उड्डयन सचिवज्यू र प्रधानमन्त्री तथा मन्त्रिपरिषदका सचिव श्रीमान् चन्द्र कुमार घिमिरे ज्यूको सक्रियताको पनि यहाँ प्रशंसा गर्न चाहन्छु ।

उपरोक्त सम्वन्धमा रोयल्टी उठ्नुपर्ने धेरै स-साना निकायहरुमा प्रयास गरेर थोरै उपलब्धीहरुलाई सफलता मान्नुभन्दा राज्यबाट नै प्रतिलिपि अधिकार ऐनमा उल्लेखित स्रष्टा कलाकारका अधिकारहरुलाई सबै ठाउँमा अनिवार्य कार्यान्वयन गराउन पहल र प्रयास गर्नु नै सबै भन्दा उपलब्धीको मार्ग हुने हाम्रो ठहर बमोजिम सुरु गरिएको यो अभियानलाई हाम्रा सम्पूर्ण आवद्ध सदस्यज्यूहरुबाट प्राप्त समर्थनलाई यस समाजको कार्य-समितिको तर्फबाट म हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

सदस्यज्यूहरु :

सरसर्ती हेर्दा अहिले निःवर्तमान हुन लागेको यो कार्यसमिति निर्वाचित भई कार्य गरेको अवधि दुई वर्ष भएता पनि गत वर्ष गएको प्रलयकारी महा-भूकम्परुपी राष्ट्रिय विपत्ति र छिमेकी मुलुकबाट भएको छ महिने अघोषित नाकाबन्दीले देशका अन्य क्षेत्रमा पुर्‍याएका नकारात्मक असर यस समाजमा पनि पर्नु स्वभाविक नै हो । यसको अलावा पटक पटकको सरकार परिवर्तन, रोयल्टी उठाउने सहकार्यमा रहेको संगीत उत्पादकहरुको महत्वपूर्ण संस्था संगीत उत्पादक समाजमा समेत विघटन को विग्रह जस्ता अवरोध आउनाले समेत हाम्रो वास्तविक कार्यसमय धेरै नै छोटो रह्यो, जुन वास्तविकता यस सम्मानित सभामा उपस्थित सबैलाई महसुस भएकै होला । यस छोटो अवधिमा हाम्रो अभियानले जे-जस्ता सफलताहरु प्राप्त गर्‍यो, यो सफलता सङ्गीत रोयल्टी सङ्कलन समाज नेपालको मात्र नभई स्रष्टा - कलाकार, संगीत उत्पादक तथा वितरक, सम्पूर्ण सम्बद्ध संघ-संस्था र प्रतिलिपि अधिकारलाई कार्यान्वयन गराउन गठित राज्य तथा निजि स्तरका संघ-संस्थाहरुको समेत साझा सफलता हो भन्ने हाम्रो मान्यता छ  किनकी सबैको साथ र सहयोग नभएको भए यो कदापि सम्भव थिएन । यस अर्थमा हामी सबै सबैलाई हार्दिक बधाई दिन चाहन्छौँ ।

यसको अलावा नेपाल प्रहरीमा एउटा छुट्टै प्रतिलिपि अधिकार प्रहरी सेल समेत गठन गर्ने हाम्रो माग पुरा भएको व्यहोरा समेत यस समाजमा आवद्ध सबैमा पुराउन पाउनु हाम्रो अर्को अहोभाग्य हो । पाइरेसी र हाम्रा हक अधिकार माथि भइरहेका हिंसाहरु विरुद्ध अत्यावश्यक रहेको यस प्रतिलिपि अधिकार प्रहरी सेल गठन गर्न सक्रिय भुमिका निभाउने व्यवस्थापिका संसद विकास समिति, नेपाल सरकार गृह मन्त्रालय र नेपाल प्रहरी प्रति पनि हामी सदैव आभारी रहनेछौँ ।

यस समाजले यो छोटो अवधिमा केही रोयल्टी वितरण लगायत गीत-संगीतका सरोकारवाला सम्पूर्ण निकाय स्रष्टा सर्जक सँग नियमित रुपमा प्रतिलिपि अधिकार ऐन, रोयल्टी व्यवस्थापन एवं डिजिटल प्रविधिमा आइपरेका विभिन्न समस्या तथा समाधान सम्बन्धी यथासम्भव कार्यक्रमहरु संचालन गरी जनचेतनामूलक कार्यहरु समेत आयोजना गरिएको व्यहोरा सभा समक्ष अनुरोध गर्दछु । अब म श्रीमान् अध्यक्षज्यू सँग ती कार्यक्रमहरुको विषयमा बुँदागत रुपमा उल्लेख गर्न अनुमति चाहन्छु :

**<u>१) प्रतिलिपि अधिकार ऐन एवं रोयल्टी व्यवस्थापन सम्बन्धी कार्यक्रम:</u>** मिति २०७२/०८/२५ गते काभ्रेपलाञ्चोक जिल्लाको सदरमुकाम धुलिखेल स्थित धुलिखेल लज एण्ड रिसोर्ट मा  नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय र सङ्गीत रोयल्टी सङ्कलन समाज नेपालको संयूक्त आयोजनामा एकदिवसिय अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा स्थानिय स्तरका गीत-संगीतका प्रयोगकर्ताहरु, सर्जक कलाकार, अग्रज स्रष्टा जिल्ला स्थित जिल्ला न्यायधिवक्ता गोविन्द उपाध्याय, प्रमुख जिल्ला अधिकारी मदन भुजेल लगायत विभिन्न सरकारी कार्यालयका प्रमुखहरु एवं पत्रकारहरुको उल्लेख्य मात्रामा सहभागिता रहेको थियो । उक्त अन्तरक्रिया कार्यक्रममा सरोकारवाला संस्थाका प्रतिनिधि, उपस्थित सर्जक कलाकार र पत्रकारहरुले सर्जकको सृजना प्रयोगकर्ताले निशुल्क रुपमा प्रयोग गरिरहेको हुँदा सर्जक कलाकारहरु आर्थिक चपेटामा पिल्सिनुपरेको अवस्था सृजना भएको हुँदा राज्यले अनिवार्य रुपमा गीत संगीत प्रयोग भएवापत सम्वन्धित सरोकारवाला सँग रोयल्टी उठाउन उचित कार्यविधि अपनाई अगाडी बढ्नुपर्ने धारणा राख्नुभएको थियो । उक्त कार्यक्रमका प्रमुख अतिथि जिल्ला सरकारी वकील कार्यालयका जिल्ला न्यायधिवक्ता श्री गोविन्द उपाध्याय ज्यूले सर्जक कलाकारहरु आफ्नो प्रतिलिपि अधिकार संरक्षणको लागि बढी चनाखो हुन सके रोयल्टी संकलनमा सजिलो हुने र पिडित सर्जकले आफू ठगिएको अवस्थामा सम्वन्धित निकायमा उजुरी गरेमा न्याय पाउन सजिलो हुने तर अहिलेको अवस्थामा पिडित पक्षले उजुरी नगरी उदासिनता देखाएको हुँदा कार्यान्वयन पक्षमा जटिलता आएको कुरा प्रस्ट पार्नुभयो भने विशिष्ट अतिथि मदन भुजेल, प्रमुख जिल्ला अधिकारी जिल्ला प्रशासन

Scanned with CamScanner

कार्यालय काभ्रेपलाञ्चोकले सर्जकले आफ्नो सृर्जना र प्रतिलिपि अधिकार संरक्षणको लागि सचेत भई अघि बढ्नुपर्ने र अहिलेको अवस्थामा सृजना निशुल्क रुपमा प्रयोग भई स्रष्टा मारमा परेकोले स्थानिय प्रशासन रोयल्टी संकलनको लागि सहयोग गर्न सदा तत्पर रहेको प्रतिवद्धता व्यक्त गर्नुभयो । अन्त्यमा कार्यक्रमका सभापति तथा समाजका अध्यक्ष सुरेश चन्द्र अधिकारीले कार्यक्रममा उपस्थित प्रमुख अतिथि, अतिथि, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, सर्जक कलाकार र पत्रकारहरुलाई हार्दिक आभार व्यक्त गर्नुभयो ।

<u>२) अन्तरक्रिया कार्यक्रमः</u> बाग्लुङ्ग जिल्लाको सदरमुकाम बाग्लुङ्गमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय र सङ्गीत रोयल्टी सङ्कलन समाज नेपालको संयूक्त आयोजनामा मिति २०७२ पौष ०९ गते पुनरावेदन अदालत बाग्लुङ्गका तत्कालिन माननिय मुख्य न्यायधीस श्री दिपक कुमार कार्कीज्यूको प्रमुख आतिथ्यतामा प्रतिलिपि अधिकार ऐन एवं रोयल्टी व्यवस्थापन सम्बन्धी एकदिवसिय अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा मोफसलका कार्यालयका कार्यालय प्रमुखहरु, सर्जक कलाकारहरु, गीत संगीत सँग सम्बद्ध संस्थाका प्रतिनिधिहरु, स्थानिय गीत संगीतका प्रयोगकर्ताहरु रेडियो, टेलिभिजन, होटल, सिनेमा हल, केवल नेटवर्क, यातायात व्यवसायहरु, पत्रकारहरु एवं यस सँग सम्बद्ध अन्य विभिन्न सरोकारवाला संस्थाका प्रतिनिधिहरुको उल्लेख्य मात्रामा उपस्थिती रहेको थियो । उक्त अन्तरक्रिया कार्यक्रममा सहभागिहरुले राज्यको तर्फबाट रोयल्टी संकलनको लागि प्रत्यक्ष हस्तक्षेपकारी भूमिका निर्वाह गरी रोयल्टी उठाउन पहल गर्नुपर्ने मूल निचोड सहितको धारणा राख्नुभएको थियो ।

उक्त कार्यक्रममा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयका तत्कालिन रजिष्ट्रार श्री बाबुराम गौतम द्वारा प्रस्तुत कार्यपत्रमा सम्वद्ध संघ संस्थाका प्रतिनिधि लगायत प्रमुख जिल्ला अधिकारी विष्णु प्रसाद पोखरेल, बाग्लुङ् स्थित विभिन्न सरकारी निकायका प्रमुखहरुले छलफलमा भाग लिनु भएको थियो । कार्यक्रममा सहभागी सम्पूर्णलाई धन्यबाद दिदै राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान बाग्लुङ् शाखाले सक्रिय सहयोग गरी उक्त कार्यक्रमलाई सफल बनाएकोमा कार्यक्रमका सभापति एवं आयोजक यस समाजका अध्यक्षले धन्यबाद ज्ञापन गरी कार्यक्रमको समापन गर्नुभएको थियो ।

<u>३) रोयल्टी व्यवस्थापन सम्बन्धी बृहत्त अन्तरक्रिया कार्यक्रमः</u> नेपाल सरकारका मूख्य सचिव श्रीमान् डा.सोमलाल सुवेदीज्यूको प्रमुख आतिथ्यतामा विभिन्न मन्त्रालयका सचिवज्यूहरु र उच्च पदस्थ अधिकारीहरुको उपस्थितिमा २०७३ जेठ ३० गते प्रतिलिपि अधिकार ऐन एवं रोयल्टी व्यवस्थापन सम्बन्धी एकदिवसिय बृहत्त अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त अन्तरक्रिया कार्यक्रममा प्रतिलिपि अधिकार ऐन एवं नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका गतिविधि बारे रजिष्ट्रार श्री राजेन्द्र सिग्देल र रोयल्टी व्यवस्थापनमा आईपर्ने चुनौती सम्बन्धमा अधिवक्ता पर्शुराम कोइरालाले कार्यपत्र पेश गर्नुभएको थियो । उक्त कार्यक्रमको अध्यक्षता सङ्गीत रोयलटी सङ्कलन समाज नेपालका अध्यक्ष सुरेश चन्द्र अधिकारीले गर्नुभएको थियो । उक्त कार्यक्रममा सरोकारवाला विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, एग्रिगेटरहरु, संगीत रोयल्टी अनुगमन तथा निर्देशन समितिका सदस्यहरु र रोयल्टी समाजका पूर्व अध्यक्षहरुको उपस्थिति रहेको थियो । त्यस कार्यक्रमको आयोजना नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय र सङ्गीत रोयल्टी सङ्कलन समाज नेपालले गरेको थियो ।

गीत संगीत सार्वजनिक रुपमा प्रयोग भए वापत अनिवार्य रुपमा रोयल्टी संकलन गर्न व्यवस्थापिका संसद विकास समितिको २०७१/०८/०३ र २०७२/१२/०२ को निर्देशनलाई सफलिभुत पार्न सरोकारवाला मन्त्रालयहरुले कार्यविधि निर्माण गरि आगामी बर्षदेखि कार्यान्वय पक्षलाई अगाडी बढाउन आवश्यक वातावरणको सृजना गर्नु कार्यक्रमको मूख्य उद्देश्य रहेको थियो ।

<u>४) एन.सेल सँग सम्झौताः</u> लामो समयको छलफल पश्चात PRBT डाउनलोड भएवापत स्रष्टाले प्राप्त गर्ने रोयल्टी रकम सिधै सङ्गीत रोयल्टी सङ्कलन समाज नेपालले जुलाई ०१, २०१६ देखि मासिक रुपमा प्राप्त गर्ने गरी जुन २०, २०१६ मा एक सम्झौता गरियो । सङ्गीत रोयल्टी सङ्कलन समाज नेपालका तर्फबाट समाजका अध्यक्ष श्री सुरेश चन्द्र अधिकारी र एन.सेल. का तर्फबाट प्रवन्ध निर्देशक सिमोन पर्किन्सले उक्त सम्झौता पत्रमा हस्ताक्षर गर्नुभयो । सो अवसरमा प्रस्तोता समाज नेपाल र एन.सेल. विच समेत सम्झौता सम्पन्न भएको थियो ।

<u>५) डिजिटल प्रविधि र प्रतिलिपि अधिकार विषयक अन्तरक्रिया कार्यक्रमः</u> नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय र सङ्गीत रोयल्टी सङ्कलन समाज नेपालको संयूक्त आयोजनामा यही मिति २०७३/०३/१४ गते त्यस क्षेत्र सँग सम्बन्धित सरोकारवाला संस्था इन्टरनेट सर्भिस प्रोभाइडर एशोसियसनका पदाधिकारी एवं सदस्य, विज्ञान सूचना प्रविधि विभागका महानिर्देशक, प्रमाणिकरण कार्यालयका नियन्त्रक एवं विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको उल्लेख्य मात्रामा सहभागि भई कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा इस्पान का सदस्य एवं सुविसु केवल प्रा.लि.का संचालक सुधिर पराजुलिले डिजिटल प्रविधिको प्रयोगमा आउने समस्या, चुनौति एवं समाधान सम्बन्धी अनुभव प्रस्तुत गर्नुभएको थियो ।

Scanned with CamScanner

**६) विशेष साधारण सभा:** मिति २०७३/०४/१५ गते विशेष साधारण सभा सम्पन्न भयो । उक्त साधारण सभाले अनुभवी सदस्यहरुलाई उहाँहरुको अनुभवलाई मध्यनजर गर्दै निवर्तमान कार्यसमितिका पदाधिकारी र सदस्यहरुले मात्र भाग लिन पाउने गरी चार जना सदस्य (गीतकार २, संगीतकार २) विधानमा आरक्षण गर्न विधान संशोधन गर्‍यो ।

**७) रोयल्टी वितरण:** मिति २०७३/०४/२१ गते नेपाल टेलिकमबाट २०७० कात्तिक १ गतेदेखि २०७१ असार मसान्त सम्मको CRBT डाउनलोड भएवापत प्राप्त रोयल्टी रकम १८ लाख मध्येबाट म्यूजिक नेपाल एग्रीगेटर अन्तरगत प्राप्त लगसिट अनुसार सात लाख रोयल्टी रकम एक भव्य समारोह विच माननिय रबिन्द्र अधिकारी सभापति व्यवस्थापिका संसद विकास समिति र पूर्व अर्थ मन्त्री एस्पी कोइरालाबाट संयूक्त रुपमा रोयल्टी वितरण गर्नुभयो । उक्त रोयल्टी वितरण कार्यक्रममा समाजका अग्रज स्रष्टा, समाजका सदस्यहरु, पत्रकारहरु र अन्य अतिथिहरुको उल्लेख्य मात्रामा सहभागिता रहेको थियो ।

**भावि कार्यक्रमहरु :**

सङ्गीत रोयल्टी सङ्कलन समाज नेपालको उद्देश्य अनुरुप रोयल्टी संकलन र वितरण कार्यलाई अझै व्यवस्थित र सशक्त बनाउन निम्न भावि उद्देश्यहरु लिनु वान्छनिय रहेको छ ।

१) व्यवस्थापिका संसद विकास समितिको २०७१/०८/०३ गते र २०७२/१२/०२ को निर्देशनलाई पूर्ण रुपमा कार्यान्वयन गराउन आवश्यक वातावरण सृजना गर्न सम्बद्ध सम्पूर्ण सरोकारवाला संघ संस्थाहरु सँग समन्वय गरी अनुगमन कार्यलाई तिव्र गतीमा अगाडी बढाउने ।

२) रोयल्टीको दायरामा आउन बाँकी राज्य नियन्त्रित सम्पूर्ण संगीतको सार्वजनिक प्रयोगकर्ता निकायहरुलाई राज्यको प्रत्यक्ष हस्तक्षेपकारी भूमिका मार्फत अनिवार्य रुपमा रोयल्टीको दायरामा ल्याउने ।

३) प्रतिलिपि अधिकार र रोयल्टी व्यवस्थापनमा स्रष्टा-कलाकार र सम्वद्ध सबैको संगठित अभियानलाई अझ सशक्त बनाई निरन्तरता दिने ।

अन्त्यमा सङ्गीत रोयल्टी सङ्कलन समाजको निती कार्यक्रम तथा स्रष्टा कलाकारहरुको अधिकार स्थापना तर्फका सम्पूर्ण कार्यलाई अगाडी बढाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने व्यवस्थापिका संसद बिकास समितिका माननीय सभापति रविन्द्र अधिकारीज्यू लगायत सम्पूर्ण सभासदज्यूहरु प्रति यस समाज हार्दिक नमन गर्दछ साथै उहाँहरुको यो योगदानलाई स्रष्टा सर्जकले सदा स्मरण गरिरहनेछन् । त्यस्तै गरी सूचना तथा संचार मन्त्रालयका सचिव दिनेश कुमार थपलियाज्यू मार्फत नेपाल टेलिकममा CRBT मा भईरहेको अवरोधलाई हटाई यसको डाटा प्रणाली बिकास गरी स्रष्टा-कलाकार र यस सम्बद्ध सबैको हित हुने गरी हाल अवरुद्ध रहेको CRBT सेवालाई निर्विबाद रुपमा पून: सञ्चालन गराउन भइरहेको सत्प्रयास प्रति पनि हामी अनुग्रहित रहेका छौं । उहाँको सत्प्रयासले छिट्टै मुर्त रुप लिदै CRBT सेवा पून: सञ्चालनमा आउन लागेको व्यहोरा सबैमा जानकारी गराउन पाउनु अवश्य पनि हाम्रो लागि सुखद अवसर हो । यातायात व्यवस्था विभागका महानिर्देशक चन्द्रमान श्रेष्ठले सार्वजनिक यातायातहरुबाट रोयल्टी उठाउनको निम्ति यस समाजसँग सहकार्य गर्ने जुन प्रतिवद्धता देखाउनुभएको छ त्यसको निम्ति उहाँमा पनि हामी कृतज्ञ रहेका छौं । र सो अभियान प्रति सजग रहेर प्रारम्भिक कदम चाल्ने प्रस्तोता समाज नेपाल र यस प्रति समर्थन जनाउने सार्वजनिक यातायात सम्बद्ध सम्पूर्ण संघ संस्थाहरु प्रति पनि हामी आभारी छौं । रोयल्टी निर्देशन अनुगमन समितिका संयोजक संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सह-सचिव श्रीमान् भरतमणि सुवेदीज्यू एवं समितिका सदस्यहरुको योगदानको लागि यो समाज सदैव ऋणी रहनेछ । त्यस्तै गरी हाम्रो साथ सधैं सहकर्मीको रुपमा रहनुहुने हाम्रा अभिभावक निकाय नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयका रजिष्ट्रार श्री राजेन्द्र सिग्देलज्यू तथा सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक आभार व्यक्त गर्दछु । बौद्धिक सम्पत्तिलाई संविधानमा मौलिक हक अन्तरगत स्थापित गराउने पवित्र अभियानमा सहकार्यको अवसर जुटाउनुहुने संगीतकार संघ नेपाल, प्रस्तोता समाज नेपाल, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल, गीतकार संघ नेपाल लगायत सबैलाई धन्यबाद दिन चाहन्छौं । साथै स्रष्टा सर्जकका अधिकार स्थापित गर्ने अभियानमा सदा डटिरहने संगीतकार संघ नेपालका अध्यक्ष लक्ष्मण शेष एवं संगीतकार संघ नेपाल

Scanned with CamScanner

परिवार, गीतकार संघ नेपालका अध्यक्ष योगेन्द्र मणि दाहाल एवं गीतकार संघ परिवार, नेपाल प्रतिलिपि अधिकार संरक्षण समाजका अध्यक्ष सन्तोष शर्मा एवं नेपाल प्रतिलिपि अधिकार संरक्षण समाज परिवार, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान का अध्यक्ष चन्द्र शर्मा एवं प्रतिष्ठान परिवार, प्रस्तोता समाज नेपालका अध्यक्ष हेमन्त शर्मा एवं प्रस्तोता समाज परिवार, निर्मलराज ढकाल अध्यक्ष उत्पादक समाज नेपाल एवं उत्पादक समाज परिवार, मिलन मोक्तान अध्यक्ष नेपाल सांगितिक संघ एवं परिवार, उन्नती बोहरा शिला अध्यक्ष महिला गीतकार संघ एवं परिवार, नवराज घोरासैनी अध्यक्ष राष्ट्रिय संगीतकर्मी संघ एवं परिवार, महेश कुमार खड्का- संयोजक तथा प्रतिलिपि अधिकार कार्यान्वयन अनुगमन समिति परिवार, सूर्य बहादुर मगर अध्यक्ष संगीत उद्योग संघ नेपाल एवं परिवार, पी.एन.सापकोटा संयोजक राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान उपत्यका समन्वय समिति एवं परिवार, श्रद्धेय पूर्व अध्यक्षहरु श्री रत्न सम्शेर थापाज्यू, श्री यादव खरेलज्यू, श्री श्रीपुरुष ढकालज्यू, श्री राजेन्द्र थापाज्यू, सम्पुर्ण आदरणिय अग्रज स्रष्टाहरु, यस अवधिमा हामीसँग रोयल्टी सम्झौता गर्ने एन.सेल.लगायत गीत-संगीतका सार्वजनिक प्रयोगकर्ताहरु, पत्रकार तथा प्रत्यक्ष अप्रत्यक्ष रुपले यस समाजलाई सदैव सहयोग गर्ने संगीत नाटय एकेडेमी परिवार तथा अन्य सम्पूर्ण महानुभावहरु एवं संघ संस्था प्रति समाज हार्दिक धन्यवाद प्रकट गर्दछ । त्यस्तै गरी स्टेज प्रोग्राम गरी सर्जकलाई रोयल्टी दिन साहसिक काम गर्नुहुने संगीत अनुसन्धान बिकास फोरमका अध्यक्षज्यू एवं परिवार र वरिष्ठ स्रष्टा गीतकार यादव खरेलज्यूको एकल सन्ध्या "अविरल यात्रा" मार्फत स्टेज कार्यक्रमको रोयल्टी स्रष्टा सर्जकलाई पनि प्रदान गर्ने घोषणा गर्ने हिडेन ट्रेजर नेपाल प्रति पनि यस समाज हार्दिक कृतज्ञता ज्ञापन गर्दछ । साथै सो रोयल्टीलाई विगतमा गीतकार संघले राजधानीको कमलादीमा आयोजना गरेको कार्यक्रममा आयोजक संस्थाका अध्यक्ष योगेन्द्र मणि दाहालले प्रदान गर्नुभएको रु.१०,०००।- रोयल्टी रकम सँगै निकट भविष्यमै वितरण गरिनेछ । आफ्नो कार्यकालमा पूर्ण निष्ठा र इमानदारीता पूर्वक आफ्नो कर्तव्य निर्वाह गर्नुहने कार्यसमितिका हाम्रा सम्पूर्ण सहकर्मी तथा हामीले बनाएका नितीहरुलाई कार्यान्वयन गर्न दिनरात खट्नुहुने यस समाजका कर्मठ कर्मचारीहरु समेत साधुवादका पात्र हुनुहुन्छ । हाम्रो कार्यसमितिको नियमित बैठकहरुमा आमन्त्रितको रुपमा हामीलाई अभिभावकत्व प्रदान गर्नुहुने पूर्व अध्यक्ष खासगरी अग्रज राजेन्द्र थापाज्यू एवं हाम्रा प्रत्येक अभियानहरुमा संसद देखि विभिन्न सरकारी निकायहरु सम्म आफ्नो गरिमामय उपस्थिति जनाई हाम्रो आन्दोलनलाई ओज प्रदान गर्नुहुने हाम्रा अग्रज पूर्व अध्यक्ष यादव खरेलज्यू समेतमा हामी श्रद्धा एवं विनम्रतापूर्वक आभार व्यक्त गर्दछौं । आगामी दिनहरुमा पनि बिगत वर्षहरुमा झैं यहाँहरुको सहयोग र सद्भाव निरन्तर रुपमा प्राप्त भईरहनेछ भन्ने यस समाजको पूर्ण विश्वास रहेको छ साथै यहाँहरुको सहयोग र सद्भावलाई सदा शिरोधार्य गरी अगाडी बढ्ने कुराको विश्वास सम्मानित सभामा दिलाउन चाहन्छु । धन्यवाद !

२०७३/५/११

रमेश बि.जी.
महासचिव

२०७३/०५/११
काठमाण्डौ

MRCSN
EST. 2007
MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

Scanned with CamScanner